# भाग ५

## नेपाल सरकार

## राष्ट्रिय योजना आयोगको

## सूचना

## राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६

**प्रस्तावना** : सङ्घ, प्रदेश र स्थानीय तह एवं निजी तथा गैरसरकारी क्षेत्रबीच समन्वय र सहकार्यमा नेपालभित्र बसोबास गर्ने सम्पूर्ण व्यक्तिको व्यक्तिगत तथा पारिवारिक तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन र वितरण सम्वन्धी कार्यलाई समय सापेक्ष, भरपर्दो, विश्वसनीय तथा गुणस्तरीय बनाई राष्ट्रिय जनगणनालाई व्यवस्थित रुपमा सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६" रहेको छ ।

(२) यो आदेश नेपाल राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "गणक" भन्नाले राष्ट्रिय जनगणना गर्नको लागि तथ्याङ्क सङ्कलन गर्ने कार्यमा खटिएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "जनगणना" भन्नाले देशभर अक्सर बसोबास गर्ने सम्पूर्ण व्यक्तिको निश्चित समय अवधिभित्र गणना गरी व्यक्तिगत तथा पारिवारिक विवरणसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने कार्य

सम्झनु पर्छ र सो शब्दले त्यसरी सङ्कलन भएको तथ्याङ्क प्रशोधन, प्रकाशन एवं वितरण गर्ने समष्टिगत प्रक्रियालाई समेत जनाउँछ ।

(ग) "जनगणना अधिकारी" भन्नाले जनगणना कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(घ) "जनगणना कार्यालय" भन्नाले राष्ट्रिय जनगणना गर्नको लागि विभाग अन्तर्गत स्थापित प्रदेश जनगणना कार्यालय, जिल्ला जनगणना कार्यालय र स्थानीय जनगणना कार्यालय सम्झनु पर्छ ।

(ङ) "तथ्याङ्क प्रशोधन" भन्नाले जनगणनामा सङ्कलित कन्ट्रोल फाराम, सूचीकरण फाराम, प्रश्नावली र अन्य फारामको कोडिङ, इडिटिङ, डाटा इन्ट्री तथा तालिकीकरण गर्ने कार्य सम्झनु पर्छ ।

(च) "निर्देशक समिति" भन्नाले दफा ११ बमोजिमको राष्ट्रिय जनगणना निर्देशक समिति सम्झनु पर्छ ।

(छ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ज) "राष्ट्रिय जनगणना" भन्नाले जनगणनाको लागि सञ्चालन गरिने राष्ट्रिय जनगणना कार्यक्रम, २०७८ सम्झनु पर्छ ।

(झ) "विभाग" भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्छ ।

(ञ) "समन्वय समिति" भन्नाले दफा १२, १३ र १४ बमोजिम गठित प्रदेश जनगणना समन्वय समिति, जिल्ला जनगणना समन्वय समिति र स्थानीय जनगणना समन्वय समिति सम्झनु पर्छ ।



[watermark]

(ट) "सुपरीवेक्षक" भन्नाले राष्ट्रिय जनगणनाको लागि तथ्याङ्क सङ्कलन, सुपरीवेक्षण वा दुवै कार्य गर्न खटिएको व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२

## राष्ट्रिय जनगणना कार्यक्रम सञ्चालन, प्रश्नावली निर्माण तथा तथ्याङ्क सङ्कलन

३. **राष्ट्रिय जनगणना कार्यक्रम सञ्चालन** : (१) विभागले "राष्ट्रिय जनगणना कार्यक्रम, २०७८" सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने जनगणना कार्यक्रमलाई सहयोग पुऱ्याउनु सङ्घ, प्रदेश तथा स्थानीय तह लगायत सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) विभागले राष्ट्रिय जनगणनाको सञ्चालन र व्यवस्थापनको लागि आवश्यकता अनुसार प्रदेश, जिल्ला तथा स्थानीय तहमा जनगणना कार्यालय स्थापना गर्नेछ ।

(४) विभागले उपदफा (३) बमोजिम कुनै जिल्लामा जिल्ला जनगणना कार्यालय स्थापना गर्दा सो क्षेत्रको भौगोलिक अवस्था र जनघनत्वको अधारमा एक वा एकभन्दा बढी जिल्ला जनगणना कार्यालय स्थापना गर्न सक्नेछ ।

(५) विभागले उपदफा (३) बमोजिम कुनै स्थानीय तहमा स्थानीय जनगणना कार्यालय स्थापना गर्दा सो क्षेत्रको भौगोलिक अवस्था र जनघनत्वको आधारमा एक वा एक भन्दा बढी स्थानीय जनगणना कार्यालय स्थापना गर्न वा एकभन्दा बढी स्थानीय तहको कार्यक्षेत्र रहने गरी कुनै स्थानीय तहमा स्थानीय जनगणना कार्यालय स्थापना गर्न सक्नेछ ।

(६) विभागले उपदफा (३) बमोजिम जनगणना कार्यालय स्थापना गर्नु पूर्व निर्देशक समितिको स्वीकृति लिनु पर्नेछ ।

४. **प्रश्नावली सम्बन्धी व्यवस्था** : (१) विभागले आवश्यकता अनुसार घरपरिवार सूचीकरण, राष्ट्रिय जनगणनाको मूल प्रश्नावली र

सामुदायिक प्रश्नावली तयार गरी निर्देशक समितिसमक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रश्नावली उपर आवश्यक अध्ययन गरी राय सुझाव पेश गर्ने प्रयोजनको लागि निर्देशक समितिले प्राविधिक समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित प्राविधिक समितिले पेश गरेको राय सुझाव समेतको आधारमा निर्देशक समितिले अन्तिम प्रश्नावली तयार गर्नेछ ।

(४) उपदफा (३) बमोजिम तयार भएको प्रश्नावली नेपाल सरकारबाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भए पछि विभागले राष्ट्रिय जनगणनाको लागि प्रयोग गर्नेछ ।

५. **तथ्याङ्क सङ्कलनको विधि र माध्यम** : (१) दफा ४ बमोजिम स्वीकृत प्रश्नावलीको प्रयोग गरी प्रत्येक घरपरिवारबाट प्रत्यक्ष अन्तर्वार्ता विधिद्वारा तथ्याङ्क सङ्कलन गरिनेछ ।

(२) विभागले तथ्याङ्क सङ्कलन गर्न कागजी प्रश्नावली वा हाते कम्प्युटर (ट्याबलेट) वा आवश्यकता अनुसार दुवै माध्यमको प्रयोग गर्न वा गराउन सक्नेछ ।

(३) विभागले विदेशस्थित नेपाली कूटनीतिक नियोग तथा राजदुतावासमा रहेका नेपाली कर्मचारीको विवरण विद्युतीय जनगणना (इ-सेन्सस्) वा अन्य विधिबाट सङ्कलन गर्नेछ ।

(४) विभागले सबै स्थानीय तहको सीमा र अवस्थिति पहिचान हुने गरी भौगोलिक सूचना तथ्याङ्क सङ्कलन र नक्साङ्कनको कार्य गरी गणना क्षेत्र नक्सा तयार गर्नेछ ।

## परिच्छेद-३

## महानिर्देशक तथा जनगणना अधिकारी

६. **महानिर्देशकको काम, कर्तव्य र अधिकार** : राष्ट्रिय जनगणना सञ्चालन र व्यवस्थापन गर्ने प्रयोजनका लागि महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय जनगणना कार्यको प्रारूप तयार गर्ने र सो को कार्यान्वयन गर्ने,

(ख) राष्ट्रिय जनगणना कार्यको लागि आवश्यक समन्वय गर्ने,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग समन्वय र सम्बन्ध राखी तथ्याङ्क सङ्कलनलाई वैज्ञानिक, भरपर्दो, व्यवहारिक र उपयोगी बनाउने विधि, प्रविधि र मापदण्डको खोजी गर्ने, गराउने,

(घ) सङ्कलित तथ्याङ्कको प्रशोधन, विश्लेषण, प्रकाशन, वितरण, संरक्षण तथा भण्डारण गर्ने, गराउने,

(ङ) राष्ट्रिय जनगणना कार्यको लागि आवश्यकता अनुसार सरकारी निकायसँग पत्राचार गर्ने, गराउने,

(च) राष्ट्रिय जनगणना कार्यमा खटिएका कर्मचारीको सुपरीवेक्षण गर्ने, त्यस्ता कर्मचारीलाई आवश्यक निर्देशन दिने र नियन्त्रण गर्ने, र

(छ) राष्ट्रिय जनगणना गर्नको लागि आवश्यक प्रशासनिक, आर्थिक तथा जनशक्ति व्यवस्थापनको कार्य गर्ने, गराउने ।

७. **जनगणना अधिकारीको व्यवस्था** : (१) विभागले जनगणना कार्यालयको प्रमुखको रुपमा कार्य गर्ने गरी विभाग वा विभाग अन्तर्गतका कार्यालयमा कार्यरत अधिकृतस्तरका कर्मचारीलाई प्रदेश जनगणना अधिकारी, जिल्ला जनगणना अधिकारी तथा स्थानीय जनगणना अधिकारीको रुपमा तोक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभाग वा विभाग अन्तर्गतका कार्यालयमा कार्यरत अधिकृतस्तरका कर्मचारीबाट मात्र जनगणना अधिकारी तोक्न कर्मचारीको सङ्ख्या अपुग भएमा विभागले अन्य सरकारी निकायका कर्मचारीलाई जनगणना अधिकारीको रूपमा खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जनगणना अधिकारीको रुपमा कर्मचारी खटाउने प्रयोजनको लागि विभागले सम्बन्धित निकायबाट अवधि किटान गरी कर्मचारी माग गर्नेछ ।

(४) उपदफा (३) बमोजिम विभागबाट कर्मचारी माग भई आएकोमा सम्बन्धित निकायले त्यस्तो कर्मचारी काजमा खटाउनु पर्नेछ ।

८. **प्रदेश जनगणना अधिकारीको काम, कर्तव्य र अधिकार** : (१) प्रदेश जनगणना अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय जनगणनाको लागि प्रदेशस्तरमा सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने,

(ख) प्रदेशमा जनगणना सम्बन्धी तालिम सञ्चालन गर्ने र जिल्लास्तरमा सञ्चालन हुने तालिमको सहजीकरण गर्ने,

(ग) विभागबाट जनगणना कार्यालयमा पठाइने जनगणना सामग्री ढुवानी, भण्डारण तथा सुरक्षा व्यवस्थापनका कार्यमा आवश्यकता अनुसार सहयोग गर्ने,

(घ) प्रदेश जनगणना कार्यालयको प्रशासनिक, आर्थिक र जनशक्ति लगायतको व्यवस्थापन कार्य गर्ने, र

(ङ) विभागको निर्देशन अनुसारका अन्य कार्य गर्ने ।

(२) प्रदेश जनगणना अधिकारीले प्रदेश जनगणना कार्यालय रहेको जिल्लाको जिल्ला जनगणना अधिकारीको रुपमा समेत काम गर्नु पर्नेछ ।

तर प्रदेश जनगणना कार्यालय रहेको जिल्लामा अन्य जिल्ला जनगणना कार्यालय समेत रहेको अवस्थामा प्रदेश जनगणना अधिकारीले विभागले तोकेको क्षेत्रमा जिल्ला जनगणना अधिकारीको रुपमा काम गर्नेछ ।

९. <u>जिल्ला जनगणना अधिकारीको काम, कर्तव्य र अधिकार</u> : जिल्ला जनगणना अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लास्तरमा राष्ट्रिय जनगणनाको लागि सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा सरोकारवालाहरुसँग समन्वय गर्ने,

(ख) जिल्लास्तरबाट खटिने गणक तथा सुपरीवेक्षकको आवश्यक व्यवस्था गर्ने,

(ग) जनगणना कार्यालयले सञ्चालन गर्ने स्थलगत तथ्याङ्क सङ्कलन कार्यको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(घ) जिल्लास्तरमा हुने तालिम सञ्चालन गर्ने र स्थानीयस्तरमा सञ्चालन हुने तालिमको सहजीकरण गर्ने,

(ङ) विभागबाट प्राप्त भएका जनगणना सामग्रीको भण्डारण र सुरक्षा व्यवस्थापन गर्ने,

(च) स्थानीय जनगणना कार्यालयमा जनगणना सम्बन्धी सामग्रीको सुरक्षित रुपमा ढुवानी गर्ने व्यवस्था गर्ने,

(छ) स्थानीय जनगणना कार्यालयबाट सङ्कलित फाराम तथा सामग्रीहरु

विभागले तोके बमोजिमको स्थानमा सुरक्षित रुपमा ढुवानी गर्ने,

(ज) राष्ट्रिय जनगणना कार्यमा खटिएका कर्मचारीको सुपरीवेक्षण गर्ने तथा त्यस्ता कर्मचारीलाई आवश्यक निर्देशन दिने र नियन्त्रण गर्ने,

(झ) जिल्ला जनगणना कार्यालयको प्रशासनिक, आर्थिक र जनशक्ति लगायत व्यवस्थापनका कार्य गर्ने, र

(ञ) विभाग तथा प्रदेश जनगणना अधिकारीको निर्देशन अनुसारका अन्य कार्य गर्ने ।

१०. **स्थानीय जनगणना अधिकारीको काम, कर्तव्य र अधिकार** : स्थानीय जनगणना अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तहमा राष्ट्रिय जनगणनाको लागि स्थानीय तहका सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा सरोकारवालाहरुसँग समन्वय गर्ने,

(ख) स्थानीयस्तरमा हुने तालिम कार्यक्रम सञ्चालन गर्ने,

(ग) स्थलगत तथ्याङ्क सङ्कलन कार्यको स्थानीय तहमा अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(घ) आफ्नो कार्यक्षेत्र भित्र कार्यबोझको आधारमा गणकलाई स्थलगत गणना (तथ्याङ्क सङ्कलन) कार्यमा खटाउने,

(ङ) जनगणना सामग्री भण्डारण, वितरण तथा सुरक्षा व्यवस्थापनको कार्य गर्ने,

(च) सुपरीवेक्षक र गणकको कार्य उपर प्रत्यक्ष रुपमा अनुगमन, सुपरीवेक्षण गर्ने तथा आवश्यकता अनुसार निर्देशन दिने र नियन्त्रण गर्ने, र

(छ) विभाग, प्रदेश तथा जिल्ला जनगणना अधिकारीको निर्देशन अनुसारका अन्य कार्य गर्ने ।

## परिच्छेद-४

## राष्ट्रिय जनगणना सञ्चालनसँग सम्बन्धित समितिहरु

११. **राष्ट्रिय जनगणना निर्देशक समिति** : (१) राष्ट्रिय जनगणनाको पूर्व तयारीदेखि नतिजा तथा विश्लेषणात्मक प्रतिवेदन प्रकाशनसम्मका क्रियाकलापलाई उच्चतहबाट मार्गदर्शन गर्न देहाय बमोजिमको राष्ट्रिय जनगणना निर्देशक समिति रहनेछ :-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग –अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (तथ्याङ्क हेर्ने) –सदस्य

(ग) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय –सदस्य

(घ) सचिव, राष्ट्रिय योजना आयोग –सदस्य

(ङ) सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग –सदस्य

(च) सचिव, अर्थ मन्त्रालय –सदस्य

(छ) सचिव, गृह मन्त्रालय –सदस्य

(ज) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय –सदस्य

(झ) सचिव, सङ्घीय मामिला तथा सामान्य

प्रशासन मन्त्रालय –सदस्य

(ञ) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय –सदस्य

(ट) विभागीय प्रमुख, तथ्याङ्क शास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय –सदस्य

(ठ) विभागीय प्रमुख, केन्द्रीय जनसङ्ख्या अध्ययन विभाग, त्रिभुवन विश्वविद्यालय –सदस्य

(ड) महानिर्देशक, केन्द्रीय तथ्याङ्क विभाग –सदस्य-सचिव

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय जनगणना सञ्चालन ढाँचा (मोडालिटी) र गणनामा प्रयोग गरिने प्रश्नावली लगायतका आवश्यक अन्य दस्तावेज तयारीको लागि आवश्यक मार्गदर्शन गर्ने,

(ख) राष्ट्रिय जनगणना सञ्चालन र व्यवस्थापनका लागि आवश्यक प्राविधिक समिति तथा विषयगत समिति गठन गर्ने,

(ग) राष्ट्रिय जनगणनालाई गुणस्तरीय, विश्वसनीय र भरपर्दो बनाउन तथा जनगणना प्रक्रियालाई व्यवहारिक बनाउन सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीको लागि आवश्यक व्यवस्था मिलाउने,

(घ) राष्ट्रिय जनगणना सञ्चालन गर्न आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहयोगको लागि नेपाल सरकार र विकास साझेदार निकायसँग आवश्यक पहल गर्ने, र

(ङ) राष्ट्रिय जनगणना सञ्चालनका लागि आवश्यक निर्देशन जारी गर्ने गराउने ।

(३) निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार सम्वन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) निर्देशक समितिको तत्काल कायम रहेका कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) निर्देशक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा सो समितिका सदस्यहरुले आफूमध्येबाट छनौट गरेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) निर्देशक समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) निर्देशक समितिको बैठकको निर्णय सो समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(९) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **प्रदेश जनगणना समन्वय समिति** : (१) राष्ट्रिय जनगणना सञ्चालन सम्बन्धी कार्यको प्रदेशस्तरमा सहजीकरण, समन्वय र मार्गदर्शन गर्न प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश जनगणना समन्वय समिति रहनेछ :-

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय –संयोजक

(ख) सचिव, आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय –सदस्य

(ग) सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय –सदस्य

(घ) सचिव, सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय –सदस्य

(ङ) प्रमुख, प्रदेश प्रहरी कार्यालय –सदस्य

(च) प्रदेश जनगणना अधिकारी, प्रदेश जनगणना कार्यालय –सदस्य-सचिव

(२) प्रदेश जनगणना समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय जनगणना कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहयोग तथा सहजीकरण गर्ने,

(ख) राष्ट्रिय जनगणना कार्यालयलाई आवश्यक पर्ने स्रोत साधन तथा जनशक्तिको व्यवस्थापनमा सहयोग गर्ने,

(ग) राष्ट्रिय जनगणना कार्यका लागि प्रदेश र स्थानीय तहका निकायसँग आवश्यक समन्वय गर्ने,

(घ) राष्ट्रिय जनगणना कार्यमा आउन सक्ने समस्या समाधान गर्ने, र

(ङ) राष्ट्रिय जनगणना कार्यको अनुगमन गर्ने ।

१३. <u>जिल्ला जनगणना समन्वय समिति</u> : (१) राष्ट्रिय जनगणना सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यको जिल्लास्तरमा सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला जनगणना समन्वय समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय –संयोजक

(ख) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति –सदस्य

(ग) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय –सदस्य

(घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय –सदस्य

(ङ) प्रमुख, शिक्षा सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालय –सदस्य

(च) अधिकृत प्रतिनिधि, जिल्ला जनगणना कार्यालय रहेको स्थानीय तह –सदस्य

(छ) जिल्ला जनगणना अधिकारी, जिल्ला जनगणना कार्यालय –सदस्य-सचिव

(२) जिल्ला जनगणना समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय जनगणना कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहयोग र समन्वय गर्ने,

(ख) राष्ट्रिय जनगणनाका लागि आवश्यक पर्ने स्रोत साधन तथा जनशक्ति व्यवस्थापन कार्यमा आवश्यक निर्णय गर्ने,

(ग) राष्ट्रिय जनगणना कार्यको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(घ) राष्ट्रिय जनगणना कार्यमा संलग्न कर्मचारीको सुरक्षा व्यवस्था मिलाउने, र

(ङ) राष्ट्रिय जनगणना सामग्रीको पूर्ण सुरक्षा तथा भरिएका लगत फारामहरूको सुरक्षित सङ्कलन गर्न सहयोग गर्ने ।

१४. **स्थानीय जनगणना समन्वय समिति** : (१) राष्ट्रिय जनगणना सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यको स्थानीय स्तरमा सहजीकरण गर्न प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको स्थानीय जनगणना समन्वय समिति रहनेछ :-

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी –संयोजक

(ख) प्रतिनिधि, शिक्षा, युवा तथा खेलकुद शाखा (सम्बन्धित स्थानीय तह) –सदस्य

(ग) प्रमुख, सम्बन्धित स्थानीय तह हेर्ने प्रहरी कार्यालय –सदस्य

(घ) संयोजकले तोके बमोजिमको एक जना वडा सचिव –सदस्य

(ङ) सम्बन्धित स्थानीय जनगणना अधिकारी –सदस्य-सचिव

(२) स्थानीय जनगणना समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय जनगणनाको लागि गरिने स्थलगत कार्यका लागि आवश्यक सहयोग र समन्वय गर्ने,

(ख) तथ्याङ्क सङ्कलन कार्यमा गुणस्तरीयता कायम गर्ने तथा पूर्ण गणना हुने व्यवस्थाको लागि सहजीकरण तथा प्रचार प्रसार गर्ने,

(ग) स्थानीय जनगणना कार्यालयलाई आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापनमा सहयोग गर्ने, र

(घ) स्थानीय स्तरमा राष्ट्रिय जनगणना कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

१५. **समन्वय समितिको बैठक सञ्चालन** : (१) समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समन्वय समितिको बैठकमा बढीमा तीन जना सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समन्वय समितिको तत्काल कायम रहेका कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समन्वय समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र संयोजकको अनुपस्थितिमा सो समितिका सदस्यहरुले आफूमध्येबाट छनौट गरेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समन्वय समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समन्वय समितिको बैठकको निर्णय सो समितिको संयोजक र सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(७) समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समन्वय समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **कार्यसमूह गठन** : विभागले राष्ट्रिय जनगणना कार्यलाई गुणस्तरीय र व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार कार्यसमूह गठन गर्न सक्नेछ ।

## परिच्छेद-५

## जनशक्ति व्यवस्था र सेवा सुविधा

१७. **काज सम्बन्धी व्यवस्था** : (१) विभागले जनगणना कार्यालयमा कर्मचारी व्यवस्थापनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका निकायहरुबाट कर्मचारी माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी माग भई आएमा माग गरिएको निकायले कर्मचारीलाई काजमा खटाउनु पर्नेछ ।

१८. **गणक तथा सुपरीवेक्षकको व्यवस्था** : (१) विभागले राष्ट्रिय जनगणना प्रयोजनको लागि सबै घरपरिवारको घरदैलोमा गई तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण गर्न निश्चित अवधिभरका लागि निर्देशक समितिले निर्धारण गरेको योग्यता पुगेका नेपाली नागरिक मध्येबाट छनौट भएका व्यक्तिलाई गणक तथा सुपरीवेक्षकको रुपमा करारमा नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम करारमा लिने प्रयोजनको लागि दश दिनको सार्वजनिक सूचना जारी गरी विज्ञापन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गणक तथा सुपरीवेक्षक छनौटको लागि निर्देशक समितिले मापदण्ड निर्धारण गर्नेछ र सो मापदण्डको आधारमा छनौट गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको मापदण्ड बनाउँदा स्थानीय व्यक्तिलाई प्राथमिकता दिने गरी बनाउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम विज्ञापन गर्दा कुनै निवेदन नपरेमा वा आवश्यकता बमोजिमको सङ्ख्यामा छनौट नभएमा सोको कारण खुलाई विभागले सरकारी कर्मचारी, संस्थानका कर्मचारी वा शिक्षकलाई गणक वा सुपरीवेक्षकको रुपमा खटाउन सक्नेछ ।

१९. **गणक तथा सुपरीवेक्षकको काम, कर्तव्य र अधिकार** : (१) गणकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफूलाई खटाइएको स्थानमा गई राष्ट्रिय जनगणनाको मूल प्रश्नावली अनुसारको विवरण तथा तथ्याङ्क सङ्कलन गर्ने,

(ख) सङ्कलित घर परिवार सूचीकरण, लगत फाराम तथा मूल प्रश्नावलीको गोपनीयता कायम गर्ने र सो को सुरक्षा गर्ने,

(ग) कार्यक्षेत्रमा कसैको गणना गर्न छुट भएको वा दोहोरो गणना भए नभएको यकिन गर्ने र

सूचीकरण लगत फाराम र मुख्य प्रश्नावलीमा तोकिएको समयभित्र विवरण तथा तथ्याङ्क सङ्कलन गर्ने,

(घ) जनगणना अधिकारीले तोकेका अन्य कार्य गर्ने ।

(२) सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफूलाई खटाइएको स्थानमा गई घरपरिवार सूचीकरण लगत फाराम तथा सामुदायिक फाराम लगायत अन्य तोकिएका फाराम अनुसार विवरण सङ्कलन गर्ने,

(ख) दैनिक कार्य तालिका बनाई गणकले गरेका कार्यको सुपरिवेक्षण गर्ने तथा तथ्याङ्कको शुद्धता जाँच गर्ने,

(ग) गणकहरूको तालिम, स्थलगत कार्यविभाजन र गणना क्षेत्र नक्साको प्रयोगमा सहयोग गर्ने,

(घ) सङ्कलित विवरणको सूचना नियमित रुपमा सम्बन्धित जनगणना कार्यालयमा जानकारी गराउने,

(ङ) मुख्य गणना प्रयोजनको लागि सङ्कलित सूचीकरण लगत फारामको प्रतिलिपि तयार गरी गणकलाई उपलब्ध गराउने,

(च) विभागले स्वीकृत गरी उपलब्ध गराएको तथ्याङ्क सङ्कलन पुस्तिका बमोजिम निष्पक्ष भई कार्य गर्ने,

(छ) जनगणना अधिकारीले तोकेका अन्य कार्य गर्ने ।

(३) गणक तथा सुपरीवेक्षकले विभागले स्वीकृत गरी उपलब्ध गराएको तथ्याङ्क सङ्कलन पुस्तिका बमोजिम निष्पक्ष भई कार्य गर्नु पर्नेछ ।

२०. **कारबाही सम्बन्धी व्यवस्था** : (१) दफा १७ बमोजिम राष्ट्रिय जनगणना कार्यका लागि खटाइएका कर्मचारी वा दफा १८ बमोजिम नियुक्त भएका वा खटाइएका व्यक्तिले दफा २८ बमोजिमको आचरण विपरीत कार्य गरेमा वा गराएमा जिल्ला जनगणना अधिकारीले कर्मचारीको हकमा राष्ट्रिय जनगणना सम्बन्धी जिम्मेवारीबाट हटाउन र करारमा नियुक्त भएका व्यक्तिको हकमा निजको नियुक्ति बदर गर्न सक्नेछ ।

तर त्यसरी जिम्मेवारीबाट हटाउनु वा नियुक्ति बदर गर्नु पूर्व त्यस्तो व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हटाइएका वा नियुक्ति बदर भएका व्यक्तिले आफ्नो जिम्मामा रहेको सम्पूर्ण कागजात, सामग्री तथा पेश्की रकम जनगणना कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(३) दफा १७ र दफा १८ को उपदफा (५) बमोजिम खटिई आएका कर्मचारीलाई उपदफा (१) बमोजिमको कारवाही भएमा सो को जानकारी निज कार्यरत निकाय र सोको माथिल्लो निकायलाई समेत दिनु पर्नेछ ।

(४) राष्ट्रिय जनगणनाको क्रममा कुनै कर्मचारी वा व्यक्तिले तथ्याङ्क सम्बन्धी प्रचलित कानूनको विपरीत हुने गरी कुनै कार्य गरेमा निजलाई कानून बमोजिमको सजाय समेत हुनेछ ।

२१. **कर्मचारीको सेवा सुविधा** : (१) विभागले राष्ट्रिय जनगणना कार्यमा खटिएका, काजमा रहेका तथा करारमा लिएका कर्मचारीलाई नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकारबाट स्वीकृत भए बमोजिमको रकम भत्ताको रुपमा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा सुविधा सम्बन्धित कर्मचारीको बैङ्क खातामा जम्मा हुने व्यवस्था गर्नु पर्नेछ।

२२. **बीमा सम्बन्धी व्यवस्था** : राष्ट्रिय जनगणनाको काममा खटिएका कर्मचारीलाई नेपाल सरकारले तोके बमोजिम बीमा गरिनेछ।

२३. **तालिम सम्बन्धी व्यवस्था** : (१) विभागले राष्ट्रिय जनगणना कार्यमा संलग्न हुने जनशक्तिलाई आवश्यक तालिमको व्यवस्था गर्नेछ।

(२) तालिम सञ्चालनका लागि विभागले तालिम पुस्तिका स्वीकृत गरी जारी गर्नेछ।

(३) उपदफा (१) बमोजिम तालिम सञ्चालन तथा अन्य व्यवस्थापकीय कार्यको लागि सङ्घ, प्रदेश वा स्थानीय तह अन्तर्गतका सरकारी कार्यालय, विद्यालयजस्ता सार्वजनिक भवनको प्रयोग गर्नु पर्नेछ।

(४) उपदफा (३) को प्रयोजनको लागि विभागले स्थानीय तहको समन्वयमा तालिम स्थानहरु पहिचान गरी तोक्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम तालिम सञ्चालन गर्नको लागि भवन उपलब्ध हुन नसकेमा वा उपयुक्त नभएमा सम्बन्धित जनगणना अधिकारीले तालिम हलको व्यवस्था गर्नेछ।

## परिच्छेद-६

## तथ्याङ्क प्रशोधन तथा विश्लेषण

२४. **तथ्याङ्क प्रशोधन** : (१) विभागले राष्ट्रिय जनगणनाको तथ्याङ्क प्रशोधनको लागि काठमाडौं उपत्यकामा तथ्याङ्क प्रशोधन केन्द्र स्थापना गर्नेछ।

(२) विभागले उपदफा (१) बमोजिमको केन्द्रमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था निजामती सेवाका कर्मचारीमध्येबाट काजमा लिई वा सेवा करारमा लिई गर्नेछ। यसरी सेवा दिने जनशक्तिले पालना गर्नु पर्ने गोपनीयता

लगायतका आचरण सम्बन्धमा निर्देशक समितिले छुट्टै आचार संहिता तयार गरी लागू गर्नेछ ।

(३) उपदफा (२) बमोजिम खटिएका निजामती कर्मचारीले कार्यसम्पादनमा आधारित थप प्रोत्साहन सुविधा र सेवा करारमा लिइएका व्यक्तिले करारमा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा कार्यसम्पादनमा आधारित थप प्रोत्साहन सुविधा पाउनेछन् ।

२५. **तालिकीकरण तथा विश्लेषण** : (१) विभागले राष्ट्रिय जनगणनाबाट सङ्कलित विवरणलाई आवश्यकता अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको खण्डीकृत तथ्याङ्क तालिकीकरण गरी सार्वजनिक गर्नेछ ।

(२) विभागले राष्ट्रिय जनगणनाको नतिजामा आधारित भएर विषयगत एवं क्षेत्रगत विश्लेषण सहितको प्रतिवदेन तयार गर्नेछ ।

(३) विभागले राष्ट्रिय जनगणनाको तथ्याङ्कको आधारमा नेपाली नागरिकको जीवन तालिका (लाईफ टेबल) समेत निर्माण गर्नेछ ।

## परिच्छेद-७

## प्रचार प्रसार, नतिजा प्रकाशन र वितरण

२६. **प्रचार प्रसार** : (१) राष्ट्रिय जनगणनामा सबै बासिन्दाको सहभागिताका लागि सामाजिक सञ्जाल, रेडियो तथा टेलिभिजन कार्यक्रम, पत्रपत्रिका, पोष्टर, ड्यासबोर्ड, प्लेटफर्म तथा अन्य आधुनिक प्रविधि र माध्यमको प्रयोग गरी प्रचार प्रसार गरिनेछ ।

(२) विभागले जनता समक्ष राष्ट्रिय जनगणनाको सन्देश प्रवाह गर्न सामाजिक हित अन्तर्गत सरकारी निकाय, विकास साझेदार, निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम राष्ट्रिय जनगणनाको सन्देश प्रचार प्रसार गर्नु सबैको कर्तव्य हुनेछ ।

(४) विभागले राष्ट्रिय जनगणना प्रचार प्रसारको लागि देशका विभिन्न क्षेत्र र विषयमा ख्यातिप्राप्त व्यक्तिलाई राष्ट्रिय जनगणना सम्बन्धी सद्भावनादूतको रुपमा प्रयोग गर्न सक्नेछ ।

२७. **नतिजा प्रकाशन र वितरण सम्बन्धी व्यवस्था** : (१) विभागले राष्ट्रिय जनगणनाको स्थलगत कार्य समाप्त भएको तीन महिनाभित्र प्रारम्भिक नतिजा सार्वजनिक गर्नेछ ।

(२) विभागले राष्ट्रिय जनगणनाबाट प्राप्त अन्तिम नतिजालाई प्रयोगकर्ता समक्ष सहजरुपमा पुऱ्याउन लिफ्लेट, पोष्टर, हातेपुस्तिका, पुस्तक, नक्सा, वेबमा आधारित प्लेटफर्म र इन्फोग्राफिक्ससमेतको विधि अपनाउनेछ ।

(३) विभागले राष्ट्रिय जनगणनाको सूक्ष्म तथ्याङ्क प्रयोगको लागि आवश्यक व्यवस्था गर्नेछ ।

## परिच्छेद-८

## विविध

२८. **आचरण सम्बन्धी व्यवस्था** : राष्ट्रिय जनगणना कार्यमा खटिने कर्मचारी वा गणक वा सुपरीवेक्षकका रुपमा नियुक्त भएका व्यक्तिले निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० मा उल्लेखित आचरणहरुका अतिरिक्त देहायका पेशागत आचरण पालना गर्नु पर्नेछ :-

(क) गलत तथ्याङ्क वा विवरण लिन कसैलाई प्रेरित गर्न, गराउन नहुने,

(ख) उत्तरदाताको व्यक्तिगत विवरण अरु कसैलाई देखाउन वा भरिएका प्रश्नावलीको प्रतिलिपि बनाई कसैलाई उपलब्ध गर्न, गराउन नहुने,

(ग) तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, भण्डारण र प्रकाशन प्रक्रियालाई दुरुपयोग गर्न, गराउन नहुने,

(घ) जनगणना कार्यालयको रकम मास्न खान नहुने,

(ङ) जनगणना कार्यालयले उपलब्ध गराएको परिचय पत्र अनिवार्यरुपमा लगाउनु पर्ने,

(च) उत्तरदाता र आम व्यक्तिसँग सम्मानजनक व्यवहार गर्नु पर्ने, एक अर्काप्रति सौहार्दपूर्ण र शिष्टतापूर्वक बोल्ने जस्ता अनुशासनका नियम पालना गर्नु पर्ने,

(छ) आफ्नो जिम्मेवारी अन्तर्गतको कार्य सम्पन्न गर्न नसक्ने भए सो को जानकारी गराउनु पर्ने,

(ज) अनधिकृत व्यक्तिलाई काम जिम्मा लगाउन नहुने,

(झ) राष्ट्रिय जनगणनाको प्रचार प्रसार तथा पैरवी बाहेक गलत मनसाय राखी उत्तरदातालाई प्रभाव पर्ने किसिमले सञ्चारका माध्यम, सभा, सम्मेलन जस्ता कुनै पनि माध्यमबाट प्रचार प्रसार गर्न नहुने,

(ञ) हरेक उत्तरदातासमक्ष आफैं पुग्नु पर्ने तथा कुनै एक स्थानमा उत्तरदातालाई बोलाई वा जम्मा गरी तथ्याङ्क सङ्कलन कार्य गर्नु वा गराउनु नहुने,

(ट) राष्ट्रिय जनगणना कार्यमा खटिएको अवधिभर अन्यत्र कुनै जिम्मेवारी लिई कार्य गर्न नहुने,

(ठ) कार्यालयको सरकारी कागजात, प्रश्नावली, सहयोगी पुस्तिका जस्ता कागजात च्यात्न वा नष्ट गर्न नहुने,

(ड) बदनियतपूर्वक वा कुनै प्रलोभनमा परी वा जानाजानी झुट्टो विवरण सङ्कलन गर्न र आफ्नो जिम्मेवारीको काममा हेलचेक्र्याइँ गर्न नहुने ।

२९. **गुणस्तर व्यवस्थापन** : (१) विभागले यस आदेशमा उल्लेख भए बमोजिम राष्ट्रिय जनगणना सञ्चालन प्रक्रियामा गुणस्तर कायम गर्न आवश्यक स्रोत र साधनको परिचालन गर्नेछ ।

(२) राष्ट्रिय जनगणना सञ्चालन प्रक्रियामा गुणस्तर कायम गर्नको लागि विभागले अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन तथा सुपरीवेक्षणको कार्यमा प्रदेश र स्थानीय तहलाई समेत सहभागी गराउनु पर्नेछ र सो कार्यमा जिल्ला स्थित सङ्घ तथा प्रदेशका कार्यालयलाई समेत सहभागी गराउन सकिनेछ ।

(४) विभागले तथ्याङ्क सङ्कलन तथा प्रशोधन कार्यमा निर्देशक समितिले तोके बमोजिमको प्रतिशतमा पुनः प्रश्नावली भर्न र तथ्याङ्क प्रविष्टि गर्न सक्नेछ ।

३०. **सुरक्षा व्यवस्था** : विभागले राष्ट्रिय जनगणना कार्य, गणना सामग्री तथा भरिएको प्रश्नावलीको सुरक्षाको पूर्ण व्यवस्था मिलाउनु पर्नेछ । यसका लागि विभागले सङ्घ र प्रदेश सरकारका सम्वन्धित निकायसँग नियमित सम्पर्क र समन्वय गर्नु पर्नेछ ।

३१. **स्रोत साधनको व्यवस्था** : (१) जनगणना कार्यालयले राष्ट्रिय जनगणनाको स्थलगत कार्यको लागि आवश्यक पर्ने भवन, सवारी साधन र अन्य स्रोत साधनको लागि सम्बन्धित समन्वय समितिको सहयोगमा सम्वन्धित निकायसँग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्रोत साधन माग भई आएमा प्रदेश र स्थानीय तहले उपलब्ध भएसम्म सहयोग गर्नु पर्नेछ ।

सङ्घ र प्रदेशका जिल्ला स्थित कार्यालयले समेत त्यस्तो स्रोत साधन उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्रोत साधन उपलब्ध हुन नसकेमा विभागले प्रदेश तथा जिल्ला जनगणना कार्यालयको लागि त्यस्तो स्रोत साधनको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

३२. **सहयोग लिन सक्ने** : (१) विभागले राष्ट्रिय जनगणना कार्यको सञ्चालन र व्यवस्थापनमा आवश्यकता अनुसार प्रदेश सरकार र स्थानीय तहको सहयोग लिन सक्नेछ ।

(२) प्रदेश तथा स्थानीय तहले राष्ट्रिय जनगणना सञ्चालनमा आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ ।

(३) विभागले राष्ट्रिय जनगणनाको व्यवस्थापन र सञ्चालनका लागि प्रदेश र स्थानीय तहसँग लागत साझेदारी गर्न सक्नेछ । यसरी गरिने साझेदारी भवन तथा अन्य सामग्रीको उपयोग वा सम्बन्धित तहको कर्मचारी परिचालन जस्ता विषयमा समेत हुन सक्नेछ ।

(४) विभागले राष्ट्रिय जनगणना कार्यको प्रचार प्रसार तथा पैरवी कार्यमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समेत साझेदारी गर्न सक्नेछ ।

(५) यस आदेश बमोजिमका कार्य सञ्चालन गर्न विभागले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञको आवश्यक सहयोग लिन सक्नेछ ।

३३. **प्रतिवेदन** : (१) विभागले राष्ट्रिय जनगणनाको अन्तिम नतिजा सार्वजनिक भएको मितिले तीन महिनाभित्र कामको विवरण सहितको प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन सार्वजनिक गरिनेछ ।

३४. **मूल्याङ्कन** : विभागले राष्ट्रिय जनगणनाको स्थलगत कार्य सम्पन्न भएको दुई वर्षभित्रमा जनगणना कार्यको मूल्याङ्कन गर्नेछ ।

३५. **अधिकार प्रत्यायोजन** : (१) निर्देशक समितिले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार महानिर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) महानिर्देशकले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार जनगणना अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३६. **आवश्यक व्यवस्था गर्ने** : यस आदेशको कार्यान्वयन गर्न कुनै समस्या उत्पन्न भएमा निर्देशक समितिले त्यस्तो समस्या समाधानको लागि आवश्यक व्यवस्था गर्नेछ ।

३७. **पुस्तिका प्रकाशन गर्ने** : विभागले राष्ट्रिय जनगणना सञ्चालनको लागि तथ्याङ्क सङ्कलन तथा अन्य प्राविधिक सहयोगी पुस्तिका प्रकाशन गर्नेछ ।

३८. **मार्गदर्शक हुने** : राष्ट्रिय जनगणनाको सूचीकरण कार्यमा आधारित भएर सञ्चालन हुने राष्ट्रिय कृषि गणना र अन्य गणना प्रयोजनको लागि यो आदेश मार्गदर्शक हुनेछ ।

**आज्ञाले,**
**लक्ष्मण अर्याल**
**नेपाल सरकारको सचिव**

विभाग